काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड

# आयोजना कार्यान्वयन निर्देशनालय

## काठमाण्डौ उपत्यका खानेपानी तथा सरसफाई आयोजना

अनामनगर, काठमाण्डौं

## प्रारम्भिक वातावरणीय परीक्षणको लागि राय सुझाव संकलन गर्न सार्वजनिक सुनुवाइ गर्ने सार्वजनिक सूचना

काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगरबाट गोर्कणेश्वर नगरपालिका वार्ड नं. ५,६,७,८,९, काठमाडौं महानगरपालिका वार्ड नं. ६ मा आँशिक रुपमा, तथा बुढानिलकण्ठ नगरपालिका वार्ड नं. ११ मा आँशिक रुपमा खानेपानी वितरणको लागी मेलम्चीबाट प्राप्त हुने पानी महाङ्काल तथा जगडोलमा रहेको पानी ट्याङ्कीबाट केही उचाइमा रहेका बस्तीहरुका लागी पानी Pumping समेत गरी, भण्डाडाँडामा एक पानी ट्याङ्की बनाइ, पाइप बिछ्याइ घरयासीधारा वितरण गर्ने कार्य कार्यान्वयनका लागी आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) गर्न लागीएको छ। यस आयोजना कार्यान्वयन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक एवंम सम्पदा प्रणालिहरुमा के कस्ता असरहरु पर्दछन् सो बारे लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन यस क्षेत्रका विज्ञ तथा सर्वसाधारण नागरिकहरुमा अनुरोध छ। राय सुझाव निम्न ठेगानामा पठाई दिनहुन वातावरण संरक्षण नियमावली २०७७ को नियम ६(१) बमोजिम यो सुचना प्रकाशित गरीएको छ।

**सार्वजनिक सुनुवाइगर्ने मिति :** २०७८।४।२२ गते

**समय :** दिनको २.३० बजे

**सार्वजनिक सुनुवाइ गर्ने स्थान :** गोर्कणेश्वर नगरपालिकाको कार्यालय, जोरपाटी, काठमाण्डौं। प्रस्तावको नाम, विवरण र प्रभाव पर्न सक्ने नगरपालिकाहरु

| प्रस्तावकको नाम | प्रस्तावीत आयोजनाको विवरण | आयोजनाबाट लाभान्वित/ प्रभावित क्षेत्र |
|---|---|---|
| काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड, आयोजना कार्यान्वयन निर्देशनालय, काठमाण्डौं उपत्यका खानेपानी तथा सरसफाई आयोजना। | मेलम्चीबाट प्राप्त हुने पानी महाङ्काल तथा जगडोलमा रहेको पानी ट्याङ्कीबाट केही उचाइमा रहेका बस्तीहरुका लागी पानी Pumping समेत गरी, भण्डाडाँडामा पानी ट्याङ्की बनाइ, २५६ कि.मी पाइप बिछ्याइ, २३,३७२ वटा घरयासी धारा वितरण गर्ने। | गोर्कणेश्वर नगरपालिका वार्ड नं. ५,६,७,८,९ काठमाडौं महानगरपालिका वार्ड नं.६(सडकको उत्तर तर्फ), तथा बुढानिलकण्ठ नगरपालिका वार्ड नं.११ मा आँशिक रुपमा (भण्डाडाँडा वरिपरिको केही क्षेत्रमा) कार्यान्वयन गरिने |

**राय सुझाव पठाउने ठेगाना:**


१) काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड
आयोजना कार्यान्वयन निर्देशनालय,
अनामनगर, काठमाडौं
टोलफ्री नं ११३९,फोन नं. ५७०५७७१/५७०५९१६
फ्याक्स नं. ५७०५०५७
Email:pidmail@kuklpid.org.np

२) गोर्कणेश्वर नगरपालिका
गोर्कणेश्वर नगरपालिको कार्यालय, जोरपाटी


**पुनश्चः** यो सुचना यस आयोजना कार्यान्वयन निर्देशनालयको वेभसाईट www.kuklpid.org.np तथा यस निर्देशनालयको सुचनापाटीमा समेत हेर्न सकिने छ।